# पीसविनको सामाजिक लेखा परीक्षण प्रतिवेदन आर्थिक बर्ष २०७४/०७५




स्थान : बुढिगंगा नगरपालिका कुल्देवमाण्डौ बाजुरा

मिती : २०७५/१०/०५

प्रतीबेदक : पीसविन बाजुरा

## १. परिचय

पीसविन बाजुरा सामाजिक विकास, समाज रुपान्तरण र पैरवीका लागि विगत २९ बर्ष देखि विभिन्न समुदाय, संजाल नेटवर्क तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गर्दै सुदुरपश्चिमका अछाम, कैलाली र बाजुरा जिल्लामा विभिन्न गतिविधिहरु  सञ्चालन गर्दै आईरहेको छ। एक वर्षमा सम्पन्न क्रियाकलापहरु र यसबाट समुदायमा परेका सकारात्मक प्रभावको साथै काम गर्दा आएका सजिला असजिला विषय र आगामी कार्य दिशाको बारेमा समुदाय, सरोकारवाला, अधिकारवाला निकायहरुसँग स्पष्ट हुनु तथा पीसविनका गतिबिधिका बारेमा समुदाय, सरोकारवाला, अधिकारवालाहरुलाई जानकारी गराउनु पीसविनको गतीविधीको बारेमा सुचना प्रबाह गर्नका लागि पीसविनले विभिन्न क्रियाकलापहरु गदै आईरहेको छ। यसको लागि पीसविनले बेला बेलमा समुदायका साथै जिल्ला स्तरमा त्रैमासिक अर्धबार्षिक तथा बार्षिक समीक्षा, लेखापरीक्षण गदै आएको छ भने सुचना प्रबाहलाइ मजबुत गर्न तथा पारदर्शिता लागि सम्बोधन गर्न पीसविनले टोल फी नं का साथै वाल हेल्प लाइनको समेत व्यवस्थापन गरको छ। निर्माणस्थलमा पारदर्शि बोर्डहरुको व्यवस्थापन समेत गर्दै आएको छ भने क्रियाकलाप सम्पन्न अघि र पछी बजेटको सार्बजनिक गर्दै आइरहेको छ यसले पीसविनका गतीबिधिबारे समुदायलाई जानकारीहुने गरेको छ भने पारदर्शिता पनि मजबुत बनेको छ।

प्रत्येक आर्थिक बर्षमा संचालन गरेका सवै गतिविधिहरुको एकै समुहमा सरोकारवालालाई जानकारी गराउनको लागि विगत लामो समय देखि समाजिक लेखाजोखा कार्यक्रम पनि संचालन गर्दै आएको छ। यो कार्यक्रमले सवै जिल्ला, वर्ग, क्षेत्र र कार्यक्रमको प्रतिनिधित्व गर्ने अपेक्षाको साथमा यो कार्यकम संचालन गरिन्छ। यो आर्थिक बर्ष २०७४।०७५ मा संचालन भएका क्रियाकलापको समग्रमा प्रस्तुति गर्ने र आगामी दिनको लागी सरोकारवाला, अधिकारवाला निकायहरुबाट  सल्लाह सुझाव संकलन गर्नको लागि यो कार्यकम यो वर्ष बाजुरा बुढिगंगा नगरपालिकामा संचालन गरिएको थियो।

## २. कार्यक्रमका सहभागिहरु :

यस कार्यक्रममा स्थानिय तहका प्रतिनिधी, लक्षितवर्ग, सरोकारवाला अधिकारवाला, बाजुरा जिल्लाका सरकारी तथा गैर सरकारी निकाएका प्रमुख तथा प्रतिनिधी, साझेदार संस्थाका प्रतिनिधी, पत्रकार समेत गरी ४७ जनाको प्रतिनिधित्व थियो जस मध्य ११ जना महिला र ३६ जना पुरुषको सहभागिता रहेको थियो।

*सहभागीको नामवलि अनुसुचि १मा उल्लेख छ।*

## ३. कार्यक्रमको उद्देश्य :

- **संस्थाले** आर्थिक बर्ष २०७४।०७५ मा गरेका कामको बारेमा प्रस्तुति सहभागीहरुलाई जानकारी गर्ने ।
- संस्थाले प्रदान गरेको सेवा प्रति लक्षित वर्गको सहभागीहरुको प्रतिक्रिया संकलन गर्ने ।
- लक्षित वर्ग र सरोकारवालाहरु प्रतिसंस्थाको जवाफदेहिता बढाउने ।
- संस्थाले गरेको काममा सरोकारवालाहरुको पृष्ठपोषणको माध्यामद्धारा भावी कार्यक्रममा आवश्यक सुधार तथा प्रभावकारीता ल्याउन आधार संकलन गर्ने ।
- आगामी दिनको कार्यक्रमको मोडालिटि तथा संचालन रणनिति का बारेमा सहभागिलाई जानकारी गराउने ।

## ४. प्रक्रिया / विधी

पीसविनले बार्षिक सामाजिक लेखाजोखा सम्पन्न गर्नाका लागि बुढिगंगामा गर्ने भन्ने निर्णय गरिएको थियो । कार्यक्रमको तयारीको लागि बिभिन्न ब्यक्तिहरुलाई जिम्मा लगाइएको थियो । सहभागीको लागि पत्राचार पनि गरीएको थियो । कार्यक्रम संचालनको लागि हल खानाा नास्ताको व्यवस्थापन गरियो । कार्यक्रमको संचालनको अधिल्ला दिनमा कार्य विभाजन गरी तपसिलको जिम्मेवारी हस्तान्तरण गरिएको थियो ।

**तपशिल**

१. कार्यक्रमको सञ्चालन कार्यक्रम प्रबन्धक : खडकराज जैशी

२. अध्यक्षता पीसविन अध्यक्ष : विमला थापा

३. स्वागत तथा प्रतिबेदन प्रस्तुतीकरण : धर्म बहादुर रोकाया

४. २०१९ का क्रियाकलाप तथा रणनिती बारे प्रस्तुतीकरण : टेक बहादुर थापा, धर्म रोकाया

५. रिपोटर : टेक बहादुर थापा

६. फोटो ग्राफर तथा माइन्युट : जुनु हिराचन

७. हल र खाजा व्यवस्थापन : खडक राज जैशी

**५.सामाजिक लेखाजोखा संचालन :**

सामाजिक लेखा परीक्षण कार्यक्रमको संचालन  खडक राज जैशी गर्नुभएको थियो । औपचारिक रुपमा संचालन भएको कार्यक्रममा अध्यक्षता विमला थापा र प्रमुख अतिथि बुढिगंगा नगरपालिकाका नगर प्रमुख श्री दिपक विक्रम शाह लगायत अन्य आसन ग्रहण पश्चात धर्म बहादुर रोकायाले कार्यकमकोसम्पुर्ण सहभागीहरुलाई स्वागत गर्नु गदै संस्थाले आर्थिक बर्ष २०७४।०७५ मा गरेका कामको बारेमा प्रस्तुति गर्नु भएको थियो । *प्रस्तुति पत्र अनुसूचि २*

पीसविनको आर्थिक बर्ष २०७४।०७५ मा गरेका कामको बारेमा प्रस्तुति गर्नु भए २०१९ अर्थात आर्थिक बर्ष २०७५।०७६ मा गरीने क्रियाकलापहरु तथा रणनितीहरुका बारेमा टेक बहादुर थापा र धर्म रोकायाले  प्रस्तुति गर्नुभएको थियो ।

यसरी प्रस्तुत गरीएको प्रस्तुती पत्रमा आएका विषयहरुको बारेमा सहभागीहरुको टिप्पणीको  गर्नको लागि तथा सल्लाह सुझावहरुका लागी सहजकर्ताले सम्पुर्ण सहभागीहरुलाइ समय उपलब्ध गराईएको थियो । सहभागीहरुले पनि प्रस्तुति पत्रमा आएका अस्पष्ट भएका विषयका बारेमा सल्लाह सुझावहरु दिनु भएको थियो । सहभागीहरुले आफ्नो नजरमा देखिएका फिल्ड स्तरका विषय बस्तुको बारेमा पनि जानकारी दिएका थिए ।  सहभागी बाट आएका सल्लाह सुझाव र जिज्ञासाको बारेमा कार्यक्रम पीसविनको सम्बन्धित कर्मचारीबाट प्रष्ट पारीएको थियो ।

त्यसपछि प्रमुख अतिथि बुढिगंगा नगरपालिकाका नगर प्रमुख श्री दिपक विक्रम शाहबाट मन्तव्य राख्न लगाईएको थियो । अन्तमा अध्यक्षबाट सवै सहभागीहरुलाई धन्यवाद दिई आगामी दिनमा पनि पीसविनलाई सहयोग गर्न आवाह्न गदै सहभागीहरुबाट आएका सुझावलाई पीसविनको रणनिति र आगामी दिनमन लागु गर्ने प्रतिवबद्धता सहित कार्यक्रम समापन गर्नुभएको थियो ।

**६. कार्यक्रमको समग्र उपलब्धी**

- पीसविनको गत आर्थिक बर्ष २०७४।०७५ मा भए गरेका गतिविधिको बारेमा सरोकारवालाहरुले जानकारी दिई पाए ।
- संस्थाको अबको क्रियाकलाप र रणनितिक कार्यदिशाको बारेमा सरोकारवाला प्रष्ट भएका छन् ।
- आगामी दिनमा पीसविनले लगानी गर्नुपर्ने विषय बस्तु र सुझावहरु संकलन भएका छन् ।
- पीसविनलाई संस्थागत पारदर्शिताको भएको बारेमा सरोकारवाला, अधिकारवालाहरुले महसुस गरेका छन् ।

## ७ सहभागीबाट आएका सुझाव, सल्लाह र जिज्ञासा

- ‘‘पीसविनले गर्ने विभिद क्रियाकलापहरु र गतीविधीहरु बारे सबै प्रत्यक्ष रुपमा हामि सहभागी छौ जुन सामाजिक लेखाजोखा हाम्रो नगरपालिकाका गर्नु भयो त्यसकालागि धन्यबाद । समिक्षामा सझावका रुपमा सामुदायिक विकास परीयोजनाले बुढीगंगा नगरपालिकाका १ देखिी ३ बडा पनि समाबेश गर्न मेरो आग्रह छ । त्यसै गरी युवा शसक्तिकरण परयियोजनाका विषयमा भन्दा धेरै टाढा पठाएर तालिम दिइयो युवाहरुलाई अब त्यसको फलोअप गर्न तपाई हामि सबैले जरुरी छ।’’ ***( बुढिगंगा नगरपालिकाका नगर प्रमुख श्री दिपक विक्रम शाह )***
- पीसविनले अबका दिनमा अझै नगरपालिकासँग सहकार्य गदै जादा राम्रो हुन्छ । ***-धर्म राज जैशी वडा अध्यक्ष १०***
- ‘‘पीसविनले लेखापरिक्षणलाइ पनि सामाजिक लेखापरीक्षणका रुपमा जिल्लामा रहेका सबै सरोकारवालाहरुसँग भइरहेका गतिविधिहरुका बारेमा जानकारी गराएकोमा धन्यबाद छ । अब पीसविनले शिक्षामा जोड दिन जरुरी छ । साथै पीसविन जस्ता विकासमा लागि पर्ने संस्थालाइ मेरो नगरापलिकामा स्वागत पनि गर्छु ।’’ ***( बडिमालिका नगरपालिकाका नगर प्रमुख श्री पदम बडुवाल )***
- “पीसविनले बालबालिकालाई शैक्षिक सामाग्रीहरु वितरण गरेकाले गरीव बालबालिकालाई राहत पुगेको छ । जुन कार्यको निरन्तरता दिन आवश्यक देखिन्छ ।” यसका साथै त्यस्ता

बालबालिकाको सहयोगको दिगोपनामा बारेमा पनि सोच्न जरुरी छ । “ ***कासी बि. क.- गै.स.स. महासंघ बाजुरा )***

- “पीसविनले अझै उत्पादन तथा जिविकोपार्जन क्रियाकलापमा जोड दिन आवश्यक जसले शिक्षा तथा रोजगारीको भुमिका निर्बाह गर्न सकोस । ” *( **नर बहादुर खड्का-घरेलु तथा साना उद्योग विकास समिती** )*
- “पीसविनले जिल्लामा  बालबालिका तथा महिलाको क्षेत्रमा गरेका क्रियाकलापले समुदायमा ठुलो सहयोग पुगेको छ बाजुरा जिल्लाको सन्दर्भमा यस्ता क्रियाकलापलाई निरन्तरता दिन आवश्यक रहेको छ । **”(खगेन्द्र बहादुर मल्ल सहायक प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय बाजुरा । )**
- पीसविनले सामाजिक लेखापरिक्षण परियोजनागत आर्थिक बर्षमा संचालन गर्दा प्रभावकारी हुने र आगामी दिनमा सामाजिक लेखापरिक्षण तथ्यांकको आधारमा आउँदा अझै प्रभावकारी हुने देखिन्छ। **(बिष्णु भुसाल, गुड नेवर्श इन्टरनेशल नेपाल जिल्ला संयोजक । )**
- “पीसविनले प्रत्येक वर्ष सामाजिक लेखापरिक्षण कार्यक्रम सरोकारवाला र लक्षित वर्गलाई राखेर गर्ने गरेको र स्थानिय तहमा पनि आफ्ना क्रियाकलापहरु र बजेटलाई उपलब्ध गराउने गरेको छ  यस्ता क्रियाकलापलाई निरन्तरता देओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।**” प्रेम पुन जिल्ला कार्यक्रम अधिकृत सेभ द चिल्ड्रेन ।**
- 

(अनुसुचि १)

| कस | सहभागीहरुको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | विमला थापा | पीविन | अध्यक्ष |
| २ | दिपक विक्रम शाह | बुढिगंगा नगरपालिका | नगर प्रमुख |
| ३ | तारा खाती | बुढिगंगा नगरपालिका | नगर उपप्रमुख |

| | | | |
|---|---|---|---|
| ४ | लोकहरी थापा | बुढिगंगा नगरपालिका | प्रमुख प्रशाशकिय अधिकृत |
| ५ | माया शाहा | बुढिगंगा नगरपालिका | कार्यपालिका सदस्य |
| ६ | विरकला शर्मा | बुढिगंगा नगरपालिका ५ | कार्यपालिका सदस्य |
| ७ | मना सेराला | बुढिगंगा नगरपालिका ५ | कार्यपालिका सदस्य |
| ८ | देवकी जोशि | बुढिगंगा नगरपालिका १० | कार्यपालिका सदस्य |
| ९ | कमला देवि जोशी | बुढिगंगा नगरपालिका २ | कार्यपालिका सदस्य |
| १० | गणेश बहादुर सुनार | बुढिगंगा नगरपालिका९ | कार्यपालिका सदस्य |
| ११ | भुवनसिह के सी | बुढिगंगा नगरपालिका ७ | वडा अध्यक्ष |
| १२ | रनसिन थापा | भानोदय मा वि | नि प्र अ |
| १३ | राजेश शार्की | भगबती मावि | बाल क्लब प्रतीनिधी |
| १४ | पुर्ण बहादुर शाहि | भगवती मावि | प्रअ |
| १५ | डम्बर प्रसाद उपाध्याय | त्रिशक्ती मावि | प्रअ |
| १६ | रामचन्द्र जैशी | बुढिगंगा नगरपालिका ६ | PMC Member |
| १७ | भरत थापा | बुढिगंगा नगरपालिका ९ | वडा अध्यक्ष |
| १८. | धिरेन्द्र नेपाली | धुरालशैन मावि | नि प्रअ |
| १९ | ललित बहादुर थापा | बुढिगंगा नगरपालिका १ | वालक्लब प्रतिनिधी |
| २० | टेक बहादुर रावल | बुढिगंगा नगरपालिका ८ | अध्यक्ष |
| २१ | हिरा बहादुर थापा | बुढिगंगा नगरपालिका २ | वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| २२ | गणेश बहादुर थापा | बुढिगंगा नगरपालिका ६ | वडा अध्यक्ष |
| २३ | चरण शिह भण्डारी | बुढिगंगा नगरपालिका ३ | व्यवस्थापक |
| २४ | बसन्त थापा | बुढिगंगा नगरपालिका | |
| २५ | चन्द्र प्रकास जोशी | बुढिगंगा नगरपालिका ६ | प्रसासन सहायक |
| २६ | कृष्ण बहादुर रावत | गिप्ट बाजुरा | जेटिए |
| २७ | मोहन राज जैशी | बुढिगंगा नगरपालिका ५ | जनकल्याण ब.उसहकारी सचिव |
| २८ | टेक बहादर थापा | पीसविन | शि. वि. अ. |
| २९ | प्रेम पुन | सेभ द चिल्डेन | जि. का. अ. |
| ३० | दल रौले | पशुपती मावि | स शिक्षक |
| ३१ | खडक बहादुर अधिकारी | बुढिगंगा नगरपालिका ३ | वडा अध्यक्ष |
| ३२ | अम्बिका थापा | बुढिगंगा नगरपालिका २ | बालक्लब |
| ३३ | कृष्टल सेराला | बुढिगंगा नगरपालिका ३ | बालक्लब |
| ३४ | समिर कटुवाल | बुढिगंगा नगरपालिका ४ | बालक्लब |
| ३५ | विरभान परी | बुढिगंगा नगरपालिका | का पा स |
| ३६ | धर्मराज जैशी | बुढिगंगा नगरपालिका १० | बडा अध्यक्ष |
| ३७ | पदम ऐर | घरेलु  सा.उ.वि.स. | ना सु |
| ३८ | तिलक थापा | बुढिगंगा नगरपालिका | लेखा अधिकृत |
| ३९ | खडक बहादुर बोहरा | गुड नेवर्श ईन्टरनेशनल | जिल्ला संयोजक |

| | | | |
|---|---|---|---|
| ४० | खेम राज पौडेल | गिप्ट बाजुरा | MEDO |
| ४१ | धर्म रोकाया | पीसविन | **PC** |
| ४२ | जुनु हिराचन | पीविन | PO |
| ४३ | राम बहादुर कटुवाल | बुढिगंगा नगरपालिका | वडा अध्यक्ष |
| ४४ | जय बहादुर थापा | बुढिगंगा नगरपालिका | का स |
| ४५ | खडक राज जैशि | पीसविन | DS |
| ४६ | लक्ष्मि थापाा | बुढिगंगा नगरपालिका | का स |

*प्रस्तुति पत्र अनुसूचि २*

प्रस्तुति पत्र

**पीसविनको सामाजिक लेखाजोखा परीक्षण आ.व.२०१८**

**स्थान : बुढिगंगा नगरपालिका**

**मिति : २०७५।०९।०५**

**प्रस्तोता :**

**अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू र अन्य अतिथि ज्यूहरु**

**सन्दर्भ:**

पीसविन बाजुरा आज भन्दा २८ बर्ष अगाडी स्थापना भै प्रदेश न ७ का विभिन्न जिल्लाहरुमा कार्यरत सामाजिक संस्था हो । यसले सामाजिक परिवर्तनको क्षेत्रमा संचालन गरेका गतिविधिहरु र समुदायमा परेको प्रभावको बारेमा जानकारी गराउनु आफ्नो दायित्वको रुपमा बुझेको छ । यसै सन्दर्भमा गत आर्थिक वर्षमा संचालन भएका कार्यकमहरु, लगानी, आएका चुनौति, सिकाई र आगामी आर्थिक बर्षको कार्यदिशा प्रकास पार्ने र यहाँहरुबाट समालोचना, सुझाव सल्लाहको अपेक्षा संकलन गर्नु यस कार्यकमको उद्धेश्य रहेको छ ।

विगत लामो समय देखि प्रत्येक आर्थिक बर्षमा संचालन गरिदै आएको सामाजिक लेखाजोखा, समीक्षा बैठक, समूह छलफल लगायतका क्रियाकलापहरुबाट आएका सल्लाह, सुझावहरुको कार्यान्वयनको माध्यामबाट पीसविन आजको अवस्थामा आई पुगेको छ । गत वर्ष मार्तडीमा संचालन भएको कायर्मक्रमबाट आएका सुझावहरुलाई कार्यान्वियन गर्न कार्य समिती, बार्षिक साधारण सभामा समेत छलफल भएको छ ।

आजको यो प्रतिवेदन, हामीले गत आर्थिक वर्षमा संचालन गरेका क्रियाकलापहरुलाई समेटेर तयार पारिएको छ ।

**आदरणिय अतिथी ज्यूहरु !**

पीसविनको बारेमा यहाँहरुलाई लागेका जिज्ञासा, चासो र गुनासोहरु खुलेर व्यक्त गर्नको लागि हामी हार्दिक अनुरोध गर्दछौं । जसले आगामी दिनमा पीसविनलाई बलियो बनाउनको लागि सहयोग गर्ने छ । साथै आजको यस कार्यक्रममा भन्न नसकिने गुनासाहरु भए लेखेर दिन सक्नुहुने छ । पीसविनको पैसा नलाग्ने टोल फि नं १६६०९७५४००० मा सधै आफ्ना गुनासा तथा जिज्ञासाहरु पनि राख्न सक्नु हुने छ ।

अब म आव २०७३।०७४ को प्रगतिलाई पीसविनको सवालगत रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**प्रमुख उपलब्धिहरुः**

**१.<u>बाल अधिकार र गुणस्तरीय शिक्षाः</u>**

**अभियानमुखि तथा पहुँच विस्तार :**

विद्यालय भर्ना अभियान मार्फत विद्यालय बाहिर रहेका बालकालिकाहरुलाई भर्ना गर्नको लागि स्थानीय सरकारसंग समन्वय गरि अभियान संचालन गरेको थियो । विद्यालय निरन्तरताको लागी जम्मा २६३१ जना बालबालिकाहरुलाई छात्तबृति सहयोग गरियो । १२५ जनालाई आपतकालिन तथा आर्थिक सहयोग गरिएको थियो । २ वटा विद्यालयको भवन निर्माणको साथै ९ वटा विद्यालय भवन मर्मत गरिएका थिए । ६ वटा विद्यालयमा खानेपानी, ८ विद्यालयमा विद्युतिय हाजिर जडान गरिएको छ । ४१ वटा विद्यालयको कक्षा कोठा व्यवस्थापन सहयोग गरिएको थियो । २६ वटा विद्यालयमा सेतोपाटी सहयोग गरिएको छ । नगरपालिका र गाँउपालिकाहरुको शिक्षा योजना बनाउनको लागी सहजीकरण गरिएको थियो । ६०० जना बालबालिकाहरुलाई ट्यूसन कक्षा संचालन भएको छ । यो आ.व.मा जम्मा ९४ जना शिक्षकहरुलाई तालिम दिईएको छ । ८४ बाल समूहको क्षमता विकासका क्रियाकलापहरु संचालन

भएका छन । त्रिबेणी नपा वार्ड न १ र २ बालमैत्री वार्ड घोषणा भएको छ । गौमुल गाउपालिका बालमैत्री घोषणा तयारीकालागि २ वार्डहरु पूर्ण साक्षरता घोषणा भएका छन् । बाल हेल्पलाईनमा गुनासो आएका १ जना बालकलाई पुर्नस्थापना गर्नको साथै १० जना बालबालिकाहरुलाई मनोविमर्श सेवा दिएको छ भने १० जनालाई आपतकालिन सहयोग समेत गरिएको थियो । विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक र बालबालिकाहरुको क्षमता विकासका कियकलापहरु पनि यो वर्ष संचालन भएका थिए ।

## २. महिला नेतृत्व र लैङ्गिक विकासः

महिला अधिकारको सूनिश्चितताको लागि महिला निगरानी समूहरुको बैठक, रिफ्लेक्टहरुको बैठकको साथै अभियानमुखि कार्यकमहरु निरन्तर संचालन भएका छन् । यो आवमा ३ जना लैङ्गिक हिंशामा परेका महिलाहरुलाई कानुनी सहायताको लागि सहयोग गरिएको छ । १०५ वटा विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना गरि बालबालिकाहरुका सवालको सुनुवाईमा सहजीकरण गरियो । जम्मा २७ वटा रिफ्लेक्ट कक्षाको माध्यामबाट महिला अधिकारका सवालहरु उठान गर्न सुरुवात गरियो । नेपाल प्रहरीसंगको समन्वयमा मदिरा नियन्त्रणको लागि अभियान संचालन भएको थियो । २ वटा नगरापलिकाको न्यायिक समितीसंग समन्वय गरि लैङ्गिक हिंसा विरुद्धको अभियान संचालन भएको थियो । नेपाल प्रहरी र न्यायिक समितिको क्षमता विकासको लागि सामुदायिक अंक तालिकाको पुनरावलोकन गरिएको थियो । लैगिक विभेदको अन्त्यको लागि छाउपडि, बालविवाहको अन्त्य गर्ने खालका कियाकलापहरु संचालन भएका थिए । लैङ्गिक हिंशामा हिंसा विरुद्धको १६ दिने अभियान जिल्ला स्तरका सरोकारवाला निकायसंग समन्वय गरेर छाउपडि प्रथा, महिलाको अर्थपूर्ण सहभागिता र घरेलु हिंसाको बारेमा पैरवी गरि सम्वन्धि कियाकलापहरु सम्पन्न गरिए ।

## ३. सुशासन र युवा सहभागिता

यूवा शसक्तिकरणको लागि तिन वटा नगरपालिकामा शिक्षा र आय आर्जनका कियाकलापहरु संचालन भए । यो वर्ष जम्मा ८८ जना यूवाहरुलाई लघु उद्यम र छोटो अवधिको सीपमुलक लगायतका तालिमहरु दिईएको छ । यूवाहरुलाई रोजगार सृजना गर्नको लागि ३ वटा सहकारीलाई यूवाहरुको लागि विउपुजीको लागि रकम सहयोग गरियो । यूवा सम्बन्धि विभिन्न दिवशहरु र व्यावसाय सँचालन गरिरहेका युवाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम गरियो । सुशासनलाई कार्यान्वयन गर्नको लागि संस्थागत

रुपमा टोल फ्रि नम्बरको कार्यान्वयनलाई जोड दिईयो । यो वर्ष मात्र १२२ वटा गुनासा तथा सुझावहरु प्राप्त भई समयमा तिनको सुनुवाई गरियो ।

स्थानीय सरकारबाट कार्यक्रम संचालनको लागि अनुमति लिने र सो पालिकामा संचालन गरिने कार्यक्रमको बजेट समेत समयमै पालिकाहरुलाई उपलब्ध गरियो । सम्पन्न क्रियाकलापहरुको सार्वजनिक सुनुवाइ, जनलेखा परीक्षण, पारदर्शिवोर्डको प्रयोग जिल्ला स्तरमा परियोजना सल्लाहकार समितिको समिक्षात्मक बैठकहरु संचालन भए ।

## ४.मानव अधिकार, लोकतन्त्र र समावेशीकरण:

बालअधिकार, महिला अधिकार र मानवअधिकारको प्रत्याभूतिको लागि जिल्ला र समुदाय स्तरमा विभिन्न खालका पैरवी अभियान संचालन गरिए भने राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवशहरु सरोकारवाला निकायहरुसंग मिलेर मनाईएका थिए । अधिकारवाला निकायको क्षमता विकासको साथै विकासलाई मानव अधिकारसंग जोडेर क्रियाकलापहरु संचालन गरिए । कठिन अवस्थामा रहेका बालकालिकाहरुलाई आपतकालि सहयोग, छात्रबत्ति सहयोग लगायतका सहयोग गरिएको थियो । लैङ्गिक हिंशामा परेका महिलाहरुलाई कानुनी सहायताको लागि सहयोग भएको थियो । विद्यालय शान्ति क्षेत्र, अनिवार्य शिक्षा बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्नको लागि विबिध अभियानहरु संचालन गरिएका थिए । समूह समितिहरुलाई समावेशी बनाउनको साथै तालिम बैठकमा सहभागी गराउंदा पनि समावेशीतालाई ध्यानमा राखिएको छ । पीसविनका कर्मचारीहरु मध्ये ४४ प्रतिसत र कार्य समितिमा ४३ प्रतिसत महिलाको सहभागीता रहेको छ । बालविवाह, छाउपडि प्रथा लगायतका अभियानलाई यो वर्ष पनि निरन्तरता दिईएको थियो । भने बालअधिकारको सुनिश्चिताको लागि बालमैत्री स्थानीय शासनको बारेमा अभियान संचालन भएको थियो ।

## ५.सामजिक सुरक्षा र सुलभ स्वास्थ्य सेवा

बाजुरा जिल्लामा संचालन भएको स्वस्थ अभ्यास परियोजना अर्न्तगत पूर्ण सरसफाई, गोठेमल व्यवस्थापन, पूर्ण खोप, जस्ता अभियानमा सहजीकरण गरियो । ६३ जना स्वास्थ्य स्वमंसेविकाहरुलाई सरसफाई र मातृशिसु स्याहारको बारेमा तालिम दिईएको थियो । गर्भवती महिलाहरुको स्वास्थ्य सेवामा पहुँच बढाउनको लागी २ वटा स्वास्थ्य संस्थाहरुलाई प्रसुति सामग्री सहयोग गरिएको थियो । ८ वटा गाँउघर क्वलीनिकहरुलाई आधारभूत सामग्री सहयोग गरिएको थियो । ४ वटा स्वास्थ्य चौकीलाई आधारभूत सामग्री सहयोग गरिएको थियो । एकवटा स्वास्थ्य चौकी मर्मत गरिएको थियो । विद्यालयमा

स्वास्थ्य परिक्षणको लागि करिव १८७३ जना बालबालिकाहरुलाई सहयोग गरिएको थियो । १० वटा विद्यालयमा खानेपानी योजना निर्माण गरियो ।

## ६. सहकारीतामा आधारित आर्थिक विकास

सहकारी संस्थाहरुको क्षमता विकासको साथै बालअनुदान कोषको स्थापनाको लागि विउपूंजि सहयोग गरियो । कोल्टी भेगमा ३ जना कृषकहरुलाई कृषि सामग्री सहयोग गर्नकोलागि ३००० कृषकहरुलाई विउविजन सहयोग गरिएको थियो । कोल्टी भेगमा ३ वटा भेटेरेनरीको स्थापना गर्नको लागि सहयोग गरिएको छ । ३ वटा नर्सरी स्थापना गरिएका छन् । गरिवी निवारण कोषको साझेदारीमा गठन भएका १९७ वटा सामुदायीक संस्थाहरुलाई स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ । कोल्टी भेगमा १ वटा महिला सहकारीलाई क्षमता विकासका कियाकलापमा सहयोग गरिएको छ ।

## ७. वातावरण तथा प्रकोप व्यवस्थापन

बाजुरा जिल्लामा पूर्ण सरसफाईको लागि कुल्देवमाण्डौं, डोगडी र कैलाशमाण्डौं लगायतका क्षेत्रमा संचालन भएको थियो । तर यो अभियानले पूर्णता पाउन सकेन र कार्यक्रम सकिएको थियो । हावा हुरीले उडाएका विद्यालयमा २ वटा विद्यालयको छाना मर्मत गरिएको छ । बाजुरा जिल्लाको प्रकोप पूर्व तयारी योजना बनाउनको लागि सहजीकरण गरिएको थियो भने बुढिनन्दा नगरपालिका र हिमाली गाँउपालिको प्रकोप पूर्व तयारी योजना बनाउनको लागि सहजीकरण गरिएको थियो भने उक्त पालिकाका सवै वार्डहरुको योजना बनाउन सहजीकरण गरिएको छ । २२ वटा विद्यालयको प्रकोपपूर्व तयारी योजना बनाउन सहजीकरण गरिएको छ । तोली, छतारा र कैलाशमाण्डौंमा रोडको किनारामा विरुवा रोप्ने काम गरिएको छ । कोल्टी क्षेत्रमा ३ वटा नर्सरीहरु स्थापना गरिएका छन् भने रुगिन गाउमा जैतुनको सिंचाईको लागि पानी पोखरीको निर्माण गरिएको छ । मौसम परिवर्तनको बारेमा २५ जनालाई तालिम सँचालन गरिएको छ ।

## ८. संजालीकरण र संस्थागत सुदृढिकरण

वडा बालसंरक्षण समितिहरु, नगर शिक्षा समितिहरु, बालसमूहहरु, यूवा समूहहरु, महिला अधिकार मंच, कृषक संजाल कृषक नेटवर्कहरुको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिएका थिए । सँस्थाको २४ औं बार्षिक साधारण सभाबाट आर्थिक तथा प्रशासनिक नियमावली पुनरावलोकन भएका छन् । सन २०१७ मा सम्पन्न कार्यक्रमको बार्षिक प्रतिवेदन प्रकासन भएको छ । संस्थाको पँचबर्षिय रणनितिक योजना पुनरावलोकन भएको छ । कर्मचारी कार्यसमिति र स्वयंमसेवक गरि ५६ जनाले

क्षमता विकासका विभिन्न तालिममा भाग लिने अवसर पाएका छन् । यो वर्ष ३६ जना कर्मचारी संस्थाबाट बाहिरिएका छन् भने ३ जना नयाँ कर्मचारी भर्ना भएका छन् ।

## ९. भौतिक पूर्वाधार

यो वर्ष ३ वटा सामुदायिक खानेपानी र २ वटा विद्यालयका भवन योजना निर्माण सम्पन्न भएको छ । तोली, छतारा र कैलाशमाण्डौंमा २७ किलोमिटर सडकको काम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति र टिविएसयूको साझेदारीमा ८ वटा पुल निर्माण भएका छन्  भने १६ वटा पुलहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

## १०.अनुगमन मुल्यांकन

- Monitoring Evaluation Accountability and Learning) MEALअवधारणालाई संस्थागत भएको छ ।
- कार्य समिति, कार्यक्रम प्रबन्धक, वित्त प्रबन्धक र सिनीयर सुपरभाईजरबाट कार्यक्रमको नियमित रुपमा अनुगमन गरिएको थियो ।
- केएर नेपाल, सेभ द चिल्ड्रेन, एक्सनएड, गुडनेवर्स ईन्टरनेशनल, यूनिसेफ, रेस्लेष्ट डेम्लभमेन्ट, गरीवी निवारण कार्यक्रम लगायतका साझेदारहरुबाट परियोजनाको अनुगमन गरेको थियो ।

## ११. प्रमुख चुनौती तथा समस्या

- बालबालिकाहरुको सिकाई उपलब्धीमा लक्ष्य अनुसार सुधार हुन सकेन, विद्यालय भौतिक सुधार तथा बालमैत्री कक्षाकोठाहरुको व्यवस्थापनमा आवश्यकता अनुसार सहयोग गर्न नसक्नु ।
- तालिम पाएका सवै यूवाहरुले व्यवसाय सुरु गर्न नसक्नु ।

## बजेट खर्चको विवरणः

| क्र.स | परियोजना,कार्यक्रम को नाम | बार्षिक स्वीकृत तथा आम्दानी | बार्षिक खर्च | बचत रकम | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आन्तरीक तथा साना कार्यक्रम | १२,४३,८५०। | १२०८९२६ | ३४९२४ | आन्तरीक,जिसस टि.वि एस यू र अन्य श्रोत | Jan to Dec 2018 |
| २ | गरीवि निवारण कार्यक्रम | १२५५८०० | १२५५७६५ | ३५ | गरीवी निवारण कोष | Jan to April 2018 |
| ३ | स्थानीय कार्यक्रम | २८२३००० | २८००४३३ | २२५६७ | एक्सन एड नेपाल | Jan to Dec 2018 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ग्रामिण पहूंच कार्यक्रम | ५७४२८९ | ५७४२८९ | ० | ग्रामिण पहूंच कार्यक्रम | Jan to 15th June 2018 |
| ५ | सहयात्रा,एकिकृत परियोजना | २७०००००० | २६९९९४२७ | ५७३ | सेभ द चिल्ड्रेन | Jan to Dec 2018 |
| ६ | आस्था परियोजना | १०५३९११ | १०२८६६९ | २५२४२ | साथी संस्था | Jan to June 2018 |
| ७ | युवा सशक्तिकरण परियोजना | १०२०४३४४ | १०२०३९६४ | ३८० | सेभ द चिल्ड्रेन | Jan to Dec 2018 |
| ८ | सामुदायिक विकास परियोजना | २१०४५७१५ | २०८७४३५८ | १७१३५७ | गड नेवर्स इन्टरनेशनल | Jan to Dec 2018 |
| ९ | न्यायमा पहुँच परियोजना | १०९७३०२७ | १०९४७८७५ | २५१५२ | केयर नेपाल | up to September 2018 |
| १० | पहुँच परियोजना | २५८५७५५ | २५०१८३३ | ८३९२२ | केयर नेपाल | Jan to April 2018 |
| ११ | सम्भव परियोजना | ४११८६९३ | ४११८६९३ | ० | रेष्लेस विकस | Jan to May 2018 |
| १२ | स्वस्थ अभ्यास परियोजना | ११२८७२९ | ११२८७२९ | ० | किर्डाक नेपाल | Jan to Sept 2018 |
| १३ | सम्पुर्ण परियोजना | २३१२९८५४ | २१४१५३५६ | ० | Welt hunger hilfe (WHH) | Jan to Dec 2018 |
| १४ | सुरक्षित गर्भपतन सेवा परियोजना | ८५५२९१ | ८५१०४५ | ० | आई.पास नेपाल | July to Dec 2018 |
| १५ | असल अभ्यास परियोजना | ५४६४९८ | ४१९३९३ | ० | UNESCO | July to Dec 2018 |
| | **जम्मा** | **१०८५३८७५६।** | **१०६३२८७५५.३०।** | **२०८२८९५.७०।** | | |

समाप्त

**जय अवसर । जय विकास ॥**

फोटोहरु







